# <u>प्रदेश दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि, २०७७</u>

**मा. मन्त्रीस्तरबाट मिति २०७७/०६/१३ मा स्वीकृत**

<u>प्रस्तावनाः</u> मन्त्रालयको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएको सार्वजनिक सेवा/सरकारी सेवामा कार्यरत कर्मचारीहरुका लागि प्रदेश स्तरीय शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "प्रदेश दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश भित्र सरकारी सेवामा कार्यरत कर्मचारीका शिशुहरुको लागि लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) "सुपरीवेक्षण समिति" भन्नाले दफा ५ बमोजिम गठित दिवा शिशु स्याहार केन्द्र सुपरीवेक्षण समिति सम्झनु पर्छ ।

(घ) "स्याहार केन्द्र" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन भएको दिवा शिशु स्याहार केन्द्र सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले प्रदेशको सरकारी सेवामा कार्यरत सबै कर्मचारी सम्झनु पर्छ ।

(च) "शिशु" भन्नाले प्रदेशको सरकारी सेवामा कार्यरत कर्मचारीका शिशुहरुसम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश सरकार अन्तर्गतको अन्य सरकारी सेवा सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई प्रदेश नं. ५ मा कार्यक्षेत्र भएको गैर सरकारी संघ संस्थालाई सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः

(क) कर्मचारीहरुलाई आफ्नो कामप्रति लगनशील र जिम्मेवार हुन उत्प्रेरित गर्ने,

(ख) कार्यालय समयमाशिशुहरुको उपयुक्त वातावरणमा हेरचाह र स्याहार सुसार गर्ने व्यवस्था मिलाउने,

(ग) कार्यालय समयमा आमाबाबुबाट हेरचाह एवं रेखदेख पाउन नसक्ने शिशुहरुको सहज वातावरणमा हुर्कन पाउने अधिकारको सुनिश्चित गर्दै उनीहरुको शारिरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने,

(घ) प्रदेशमा बालमैत्री वातावरण निर्माण गर्ने ।

४. **स्याहार केन्द्र स्थापना र सञ्चालन:** (१) मन्त्रालयले प्रदेशस्तरमा एक शिशुस्याहार केन्द्र स्थापना र सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिशुस्याहार केन्द्र स्थापना र सञ्चालनका लागि प्रदेश सरकारले सार्वजनिक भवन वा कोठाको व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम शिशु स्याहार केन्द्र सञ्चालन गर्दा उपदफा (४) बमोजिम प्रदेशभित्र कार्यक्षेत्र भएको संस्थासँगको साझेदारीमा सञ्चालन गरिनेछ र त्यस्तो संस्था मन्त्रालयमा सूचीकृत हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्था छनौटका लागि मन्त्रालयले कम्तीमा ३० दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्ह्यन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त प्रस्तावनाहरुलाई अनुसूची-१ बमोजिमको मापदण्डको आधारमा मूल्याङ्कन गर्न सामाजिक विकास महाशाखा प्रमुखको संयोजकत्वमा सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(६) उपदफा (५) बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु नियमानुसार मूल्याङ्कन गरी छनौटका लागि सचिव समक्ष सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम मूल्याङ्कन गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने संस्थालाई छनौटको लागि सिफारिस गर्नुपर्नेछ ।

तर मूल्याङ्कन गर्दा कुनै पनि संस्थाले न्यूनतम ५० % अङ्क प्राप्त नगरेमा संस्था छनौटको लागि पुनः संस्था छनौटको नयाँ प्रक्रिया शुरू गरिनेछ ।

(८) संस्था छनौट प्रक्रियामा दरखास्त सँगै अनिवार्य रुपमा बुझाउनुपर्ने कागजात तथा दस्तावेजहरु अनुसूची-२ बमोजिम हुनेछन् ।

(९) उपदफा (५) बमोजिम छनौट भएको संस्थासँगको साझेदारीमा केन्द्र संचालन गर्दा बार्षिक रुपमा सम्झौता गरी साझेदारी गरी संचालन गर्न सकिनेछ ।यसरी छनौट भएको संस्थाको कार्य सन्तोषजनक भएमा मन्त्रालयले स्वीकृत बार्षिक कार्यक्रम र बजेटको परिधिमा रही मन्त्रालयबाट निर्णयगरी सोही संस्थासंग सम्झौता नवीकरण गर्न सक्नेछ ।

(१०) उपदफा (७) बमोजिम छनौट भएका संस्थाको कार्य सन्तोषजनक नभएमा मन्त्रालयले कुनै पनि समय सुधारका लागि एक महिनाको समय दिन सक्नेछ । सो अवधिमा पनि सुधार नभएमा उक्त संस्था पुनः सहभागी हुन नपाउने गरी जुनसुकै वखत सूचना प्रकाशन गरी यसै कार्यबिधि बमोजिम संस्था छनौट गर्नेछ । नयाँ संस्थाको छनौट नभएसम्मका लागि पुरानै संस्थालाई काममा लगाउने वा अन्य आवश्यक व्यवस्था मन्त्रालयले गर्नेछ ।

(११) स्याहार केन्द्रमा शिशु भर्ना लिईने सिट संख्या मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

५. **<u>स्याहार केन्द्र सुपरीवेक्षण सम्बन्धी व्यवस्था:</u>** (१) यस कार्यविधि बमोजिम स्याहार केन्द्र सञ्चालनको नियमित सुपरीवेक्षण, नीतिगत सहयोग तथा समन्वयका लागि मन्त्रालयले एक सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने सुपरीवेक्षण समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्।

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -संयोजक |
| (ख) | प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि,आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (घ) | बाल चिकित्सक प्रतिनिधि, लुम्बिनी प्रादेशिक अस्पताल | -सदस्य |
| (ङ) | संयोजक, दिवा सेवा केन्द्र स्याहार व्यवस्थापन समिति | -सदस्य |
| (च) | शाखा प्रमुख, बाल अधिकार तथा सामाजिक न्याय | -सदस्य सचिव |

(३) सुपरीवेक्षण समितिका सदस्यहरुले स्याहार केन्द्रका शिशुहरुका लागि आवश्यक पर्ने आ–आफ्नो निकायसँग सम्बन्धित सेवा र सुविधा नियमित रुपमा केन्द्र वा शिशुहरुलाई उपलब्ध गराउन पहल गर्ने र सो को लागि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ ।

६. **<u>सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार:</u>** सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्याहार केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थालाई आवश्यक सहयोग तथा स्याहार केन्द्र सञ्चालन सम्बन्धी आवश्यक निर्देशन दिने,

(ख) समय समयमा स्याहार केन्द्रको आयव्ययको हिसाव किताव तथा जिन्सी सामानको लेखा प्रचलित कानुन बमोजिम राखे नराखेको अनुगमन/निरीक्षण गर्ने,

(ग) स्याहार केन्द्रको विकास सम्बन्धि अन्य काम गर्ने, गराउने,

(घ) स्याहार केन्द्रको सम्पूर्ण कार्यको अनुगमन/निरिक्षण गर्ने,

(ङ) दफा ४ बमोजिम छनौट भएको संस्थाले सम्झौता बमोजिम कार्य नगरेमा सम्झौता रद्द गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(च) मन्त्रालयलाई आवश्यकता बमोजिम स्याहार संचालन सम्बन्धी उपयुक्त नीतिगत तथा अन्य सुझाव र परामर्श दिने,

(छ) समितिको सचिवालयको काम मन्त्रालयको बाल अधिकार तथा सामाजिक न्याय शाखाले गर्ने ।

७. **<u>सुपरीवेक्षण समितिको बैठक र निर्णय:</u>** सुपरीवेक्षण समितिको बैठक र निर्णय सम्बन्धी कार्यविधि देहायबमोजिम हुनेछ ।

(क) प्रत्येक चौमासिकमा कम्तीमा एक पटक बैठक बस्नुपर्नेछ र आवश्यकता अनुसार जुनसुकै समयमा पनि संयोजकले बैठक बोलाउन सक्नेछ ।

(ख) संयोजकले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।

(ग) कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास महाशाखा प्रमुखले गर्नेछ।

(ङ) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(च) आवश्यकता अनुसार मन्त्रालयका पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(छ) बैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्नेछ ।

८. <u>**स्याहार केन्द्रमा शिशुको भर्ना प्रक्रिया:**</u>(१) कम्तीमा ३ महिना देखि बढीमा ४ वर्षसम्मको उमेर समुहका शिशुहरुलाई स्याहार केन्द्रमा भर्ना गरिनेछ ।

**(२)**स्रोत साधनको उपलब्धताका आधारमा मन्त्रालयले शिशुहरुको सिट संख्या निर्धारण गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

**(३)**शिशु भर्नाका लागि अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

**(४)**उपदफा (२) बमोजिमको निवेदनमा देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) कर्मचारी कार्यरत कार्यालय/निकायको सिफारिस पत्र,

(ख) शिशुको जन्मदर्ता प्रमाण पत्र,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त अस्पताल वा चिकित्सकद्धारा सम्बन्धित शिशुलाई केन्द्रमा भर्ना गर्न स्वास्थ्यको दृष्टिले ठिक छ भनी दिएको प्रमाणपत्र,

**(५)**उपदफा (२) बमोजिम दिएको निवेदनलाईयस दफा बमोजिम गरिने शिशु भर्नाको आधार मानिनेछ र दफा ९ को अधीनमा रही पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिईनेछ ।

**(६)**शिशुहरु भर्नाका लागि छनौट भई स्वीकृत भएपछि सबै विवरण सहित स्याहार केन्द्रको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

**(७)**स्याहार केन्द्रमा भर्ना भएका शिशुहरुको व्यक्तिगत विवरण फाइल तयार गरी देहायका विवरणहरु खुलाई दर्ता किताब अद्यावधिक गरी राख्नुपर्नेछः

(क) शिशुको नाम,

(ख) बाबु, आमाको नाम, ठेगाना र सम्पर्क नम्बर,

(ग) बाबु, आमाको कार्यरत कार्यालयको नाम, ठेगाना र सम्पर्क नम्बर,

(घ) शिशुको जन्म मिति,

(ङ) भर्ना गर्ने समयमा खिचिएको शिशु र अभिभावक दुवैको फोटो,

(च) भर्ना गर्ने समयमा बच्चाको उचाई, तौल।

९. **प्राथमिकता:** (१) दफा ८बमोजिम शिशुहरुको भर्ना गर्दा निर्धारित सिट संख्या भन्दा बढी संख्याको आवेदन परेमा देहायबमोजिमको प्राथमिकताका आधारमा गर्नुपर्नेछः

(क)एकल महिला वा एकल पुरुष कर्मचारीका शिशु ।

(ख)अपाङ्गता भएका कर्मचारीका शिशु ।

(ग)पति पत्नी दुवै कर्मचारी रहेका अभिभावकहरुका शिशु ।

(घ)श्रेणि विहिन र राजपत्र अनंकित तहका महिला कर्मचारीका शिशु ।

(२) उपदफा (१) बाहेक अन्यको हकमा दफा ८ को उपदफा (४) बमोजिम हुनेछ ।

१०. **परिचयपत्र सम्बन्धी व्यवस्था:** स्याहार केन्द्रमा रहेका शिशुहरुको लागि केन्द्रले परिचय पत्रको व्यवस्था गर्नुपर्नेछ र सो परिचय पत्रमा शिशुको नाम, जन्म मिति, बुवा आमा वा दुवैको नाम लगायतका विवरणहरु उल्लेख गर्नुपर्नेछ ।

११. **शिशु स्याहार सम्भार सम्बन्धी व्यवस्था:** केन्द्रमा भर्ना भएका शिशुहरुको देहायबमोजिम स्याहारको व्यवस्था गर्नुपर्नेछः

(क) केन्द्रले कार्यालय खुलेको दिन कार्यालय समयभन्दा एक घण्टा अगाडी र एक घण्टा पछाडी सम्म शिशु राख्ने व्यवस्था मिलाउनुपर्नेछ तर कुनै परिस्थितिले शिशुको अविभावक तोकिएको समयमा शिशु लिन आउन नसकेमा अभिभावकको जिम्मा नलगाउन्जेल शिशुलाई सुरक्षित राख्नु पर्नेछ ।

(ख)३ महिना देखि २ वर्ष सम्मका ४ जना शिशुहरुको लागि एकजना र २ वर्ष देखि ३ वर्षसम्मका ७ जना शिशुहरुको हेरचाहका लागि एक जना आया नियुक्त गरी कोठामा पर्याप्त स्थान हुनेगरी शिशुहरु राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग)सम्भव भए सम्म समान उमेरका शिशुहरुलाई एउटै कोठामा राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

(घ)शिशुहरुलाई उनीहरुको बाबुआमाले अंगालेको आफ्नो धर्म, संस्कृती र चलन अनुसारको व्यवहार र नामबाट सम्बोधन र स्याहार गर्नुपर्नेछ र कुनै पनि शिशुलाई वर्ग, लिङ्ग, जातजाति, धर्मको आधारमा भेदभाव र यातनापूर्ण व्यवहार गर्न पाईने छैन ।

१२. **मनोरञ्जन सम्बन्धी व्यवस्था:** स्याहार केन्द्रले भर्ना भएका शिशुहरुका लागि देहायबमोजिमको मनोरञ्जन सम्बन्धी व्यवस्था गर्नुपर्नेछ ।

(क)शिशुको मनोरञ्जनका लागि चोटपटक नलाग्ने तथा सकारात्मक मानसिक तथा शारिरिक विकासमा सहयोग पुग्ने खालका खेलौनाहरुको व्यवस्था गर्नुपर्नेछ ।

(ख)उमेर र अवस्था हेरी बच्चालाई कोठा बाहिर, भवन बाहिरको कम्पाउण्डमा भएका चिप्लेटी, पिङ्ग, रोटेटर, जम्पिङ्ग प्याड आदिमा खेल्ने व्यवस्था गर्नुपर्नेछ ।यसरी खेलाउदा आया वा सम्बन्धित कर्मचारी साथै रहनु पर्नेछ ।

(ग) शिशुहरुलाई संभव भए बहुउद्देश्यीय हल र भवन बाहिर सामूहिक खेल खेलाउने र सामुहिक गीत र बाल गीत गाउन लगाउनु पर्नेछ र त्यस्ता शिशुहरुलाई आवश्यकता अनुसार साना समूहमा चिडियाखाना आदि बालरुची भएको स्थानमा घुमाउन लैजानु पर्नेछ, यसरी घुमाउन लैजादा आया वा सम्बन्धित कर्मचारी साथै रहनु पर्नेछ ।

(घ) बच्चालाई खेलेर र बारम्बार देखेर अक्षर चिन्न सक्ने तुल्याउन आया तथा शिक्षिकाले अभ्यास गराउने तथा तदनुरुपको शैक्षिक सामाग्री शिशु राखिने तथा अन्य उपयुक्त स्थानमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

१३. **<u>शिशु तथा स्याहार केन्द्रको सरसफाइः</u>** भर्ना भएका शिशुको स्वास्थ्यलाई मध्यनजर गरी स्याहार केन्द्रले देहायबमोजिम सरसफाईको प्रबन्ध गर्नुपर्नेछ ।

(क)प्रत्येक २/२ घण्टामा केन्द्रका सबै शौचालय अनिवार्य रुपमा सफा र Disinfect गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख)शिशुहरुलाई शौच गराउने, सरसफाई गर्ने, Diaper फेराउने कार्य आयाहरुले गर्ने र त्यस्तो Diaper, Baby Napkinहरु तथा फेर्ने लुगा कपडा भने सम्बन्धित शिशुका अभिभावकले प्रत्येक दिन आवश्यकता अनुसार केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ ।

(ग) शिशु राख्ने कोठा र खेल्ने स्थानमा पर्याप्त सरसफाईको व्यवस्था गर्नुपर्नेछ ।

१४. **<u>शिशुको आहार तथा भोजनः</u>** (१) स्याहार केन्द्रमा भर्ना भएका शिशुहरुका लागि उमेर, रुचि र मौसमानुकुलको स्वस्थ एवम् गुणस्तरीय आहार जस्तोः दुध, फलफुल, लिटो, जाउलो, हलुवा, खीर लगायतका आहार स्याहार केन्द्रले व्यवस्था गरी भोजन गराउनुपर्नेछ ।

(२)शिशुहरुका लागि उमालेर फिल्टर गरिएको पानी मात्र खानेपानीको रुपमा मात्र प्रयोग गर्नुपर्नेछ।

(३) शिशुका अभिभावकले वर्जित गरेका आहारहरु निजको शिशुलाई खुवाउन पाइने छैन ।

(४) स्याहार केन्द्रले शिशुलाई उपलब्ध गराएको गुणस्तरहीन आहारको कारणले शिशु अस्वस्थ भएमा सो को जिम्मेवारी स्याहार केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थाले नै लिनुपर्नेछ।

(५) स्याहार केन्द्रमा शिशुका अभिभावकले आफूले ल्याएको आहार खुवाउन चाहेमा सो को व्यवस्था स्याहार केन्द्रले मिलाउनु पर्नेछ ।सो आहार गुणस्तरीय हुनुपर्नेछ।

साथै निजले ल्याएको आहारको गुणस्तरको जिम्मेवारी निज अभिभावकले नै लिनुपर्नेछ ।

(६)शिशुलाई खुवाउने दुध लगायत अन्य शिशु आहार तयार गर्ने र ख्वाउने तरिका, खाना तयार गर्दा अपनाउनुपर्ने सजगता, खाने र पकाउने भाँडाहरुको सरसफाई, भान्साको सरसफाई, खाद्य पदार्थको भण्डारण आदी बारे पूर्ण जानकारी भएको व्यक्तिलाई मात्र स्याहार केन्द्रको आयाको रुपमा राख्नुपर्नेछ ।

(७)पकाईएको वा नपकाईएको खाना स्वस्थ्य र सुरक्षित तरीकाले भण्डारण गर्नुपर्नेछ र खाना खुवाउने एवं राख्ने ठाउँमा झिंगा, कीरा, ढुसी वा अरु प्रकारका कीरा वा फोहोर नहुने व्यवस्था मिलाउनु पर्नेछ ।

१५. **<u>स्वास्थ्य हेरचाह सम्बन्धी व्यवस्थाः</u>** स्याहार केन्द्रलेशिशुको स्वास्थ्य सुरक्षा र हेरचाहका लागि देहायको व्यवस्था गर्नुपर्नेछ ।

(क)कुनै शिशु सरुवा वा अन्य कुनै प्रकारको रोगबाट संक्रमित भएमा शिशु स्वस्थ नहुन्जेल केन्द्रमा राखिने छैन र पुनः केन्द्रमा ल्याउँदा शिशु स्वस्थ भएको प्रमाण पेश गर्नुपर्नेछ ।

(ख)स्याहार केन्द्रमा भएका बेला शिशु अस्वस्थ भएमा वा चोटपटक लागेमा स्याहार केन्द्रमा हुनेसम्मको उपचार तत्काल गर्नुपर्नेछ र तत्काल निजको अभिभावकलाई शिशु लिन आउन खबर गर्नुपर्नेछ । तत्काल अभिभावक उपलब्ध नहुने भएमा अभिभावकले खर्च व्यहोर्ने गरी स्याहार केन्द्रले नै स्वास्थ्य संस्थामा लैजानु पर्नेछ ।

(ग) स्याहार केन्द्रमा प्राथमिक उपचार सम्बन्धी औषधीतथा औजारको व्यवस्था गर्नुपर्नेछ ।

(घ) मौसमी प्रभावबाट बचाउन स्याहार केन्द्रमा Heating and Cooling System को व्यवस्था गर्नुपर्दछ ।

(ङ) कम्तीमा महिनाको एक पटक स्याहार केन्द्रमा भर्ना भएका शिशुहरुको बाल चिकित्सकबाट स्वास्थ्य परीक्षण र बाल स्वास्थ्य सम्बन्धी परामर्श लिने व्यवस्था गर्नुपर्नेछ।

१६. **<u>स्याहार केन्द्रको भौतिक व्यवस्थाः</u>** स्याहार केन्द्र सञ्चालनको जिम्मा पाएको संस्थाले देहाय बमोजिमको भौतिक व्यवस्था मिलाउनुपर्नेछ ।

(क) स्याहार केन्द्रमा प्राकृतिक प्रकोपहरु जस्तैः भुईँचालो, आगो लगायतबाट सुरक्षित रहन सम्भव भए सम्मका भौतिक पूर्वाधार, आवश्यकता अनुसारअग्नी नियन्त्रण प्रणालीको व्यवस्थागरीस्याहार केन्द्रमा कार्यरत कर्मचारीहरुलाई त्यसको प्रयोग विधि बारे जानकारी गर्नुपर्नेछ ।

(ख) स्याहार केन्द्रका कर्मचारी, भर्ना भएका शिशु, शिशुका अभिभावक वा निजले वारेस गरेका व्यक्ति,केन्द्रको नियमक संस्थाका कर्मचारी, मर्मत सम्भार गर्न आउने व्यक्ति, केन्द्रले आमन्त्रण गरेकाव्यक्ति वाकेन्द्र प्रमुखको पूर्व स्वीकृती लिई प्रवेश गर्ने व्यक्ति वा दुर्घटनाको बेला उद्धार गर्नआउने व्यक्तिहरु बाहेक अन्य व्यक्तिहरुलाई स्याहार केन्द्रमा प्रवेश गराउँदा अनुमति लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ र यसरी आउने आगन्तुकहरुको विवरण राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(ग) आवश्यकता अनुसार कोठामा झोलुङ्गो, खाट, सिटवेल्ट सहितको होचा Infant Chair,खेल्ने स्थान, खेल्ने सामाग्री आदीको व्यवस्था गर्नुपर्नेछ ।

(घ) कोठामा Soft Flooring र भित्तामा उज्यालो रंगरोगन गर्नुपर्नेछ ।

(ङ) शिशुको उचाईको क्षेत्रसम्म पार्केटिङ्ग गर्नुपर्नेछ ।

(च) शौचालयमा होचो कमोड,प्यानको व्यवस्था गर्नुपर्नेछ।

(छ) शिशुहरुका लागि सुत्ने नरम म्याट्रेस सहितको सफा ओड्ने ओछ्याउने व्यवस्था गर्नुपर्नेछ ।

(ज) स्याहार केन्द्रबाट उत्पादित जैविक तथा अजैविक फोहोरको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

१७. **<u>शिशुको सुरक्षाः</u>** स्याहार केन्द्रमा रहेकाशिशुको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी स्याहार केन्द्रले देहायको सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

(क) शिशु पुर्‍याउन वा लिन आउने व्यक्ति सम्बन्धित अभिभावक वा निजले वारेस गरेको व्यक्ति नै हुनुपर्नेछ र आवश्यकता अनुसार स्याहार केन्द्रले निजको लागि फोटो सहितको परिचयपत्र जारी गर्नेछ ।

(ख) स्याहार केन्द्रमा शिशु राख्न ल्याउदा र लैजाँदा राख्न ल्याउने र लैजाने व्यक्तिको अनिवार्य हस्ताक्षर गराई लिने र पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(ग) शिशुको सुरक्षाको लागि स्याहार केन्द्रमा शिशु रहेसम्म पालो पहराको व्यवस्था मिलाउनुपर्नेछ।

(घ) शिशुलाई स्याहार केन्द्र भन्दा बाहिर घुमाउन लैजादा पर्याप्त सुरक्षाको व्यवस्था मिलाएर मात्र लैजानुपर्नेछ ।

(ङ) शिशु राख्ने र खेल्ने ठाउँमा अनावश्यक फर्निचर नराख्ने र शिशु लडेमा पनि चोट नलाग्ने गरी पर्याप्त मेट्रेसहरु विछ्याउनु पर्नेछ ।

(च) शिशुले चलाउँदा चोटपटक लाग्ने सामान तिनको पहूँच भन्दा टाढा राख्नुपर्नेछ ।

१८. **<u>स्याहार केन्द्र सञ्चालन गर्ने संस्था तथा स्याहार केन्द्रको दायित्वः</u>** स्याहार संचालनको जिम्मा पाएको संस्थाको स्याहार केन्द्र सञ्चालन सम्बन्धी देहायका दायित्वहरु हुनेछन् ।

(क) प्रचलित ऐन,नियम, बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य मान्यताको प्रतिकुल नहुने गरी यस कार्यविधिमा व्यवस्था भए बमोजिम मन्त्रालय र सुपरीवेक्षण समितिको निर्णयतथा निर्देशन अनुसार स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी र दायित्व स्याहार केन्द्र सञ्चालन गर्ने जिम्मा पाएको संस्थाको हुनेछ ।

(ख) शिशुहरुको मायालु वातावरणमा समुचित ढंगबाट स्याहार र हेरचाह गर्नेछ।

(ग) शिशुहरुको अभिभावकको पद, पृष्ठभूमि वा अन्य यस्तै व्यवहारको आधारमा शिशुहरुको हेरचाहमा भेदभाव गर्न पाइने छैन।

(घ) स्याहारकेन्द्रबाट उचित रेखदेख नभएको कारण कुनै शिशु बिरामी परेमा केन्द्रकै खर्चबाट उपचार गराउनु पर्ने ।

(ङ) शिशुहरुको हरेक आवश्यकता पहिचान गरी भोक, तिर्खा, तातो, चिसो, अप्ठयारो, सजिलो, सञ्चो, बिसञ्चो के छ सो प्रति सधै सचेत रहनुपर्नेछ । र अभिभावकलाई त्यसको जानकारी दिनुपर्नेछ ।

(च) केन्द्रबाट उपलब्ध गराईने शिशु आहारबाट शिशुहरुलाई Food Poisoning वा अन्य प्रतिकूल असर नपरोस् भन्नका लागि केन्द्रले खाद्यान्नको गुणस्तर र सो को तयारीमा विशेष ध्यान पुर्याउनुपर्नेछ।

(छ) आवश्यक परेको बेला तुरुन्त सम्पर्क गर्ने प्रयोजनका लागि केन्द्रमा रहेका शिशुका अभिभावकहरुको आवास ठेगाना, सम्पर्क फोन नं, कार्यालयको ठेगाना र ईमेल ठेगाना दुरुस्त राख्नुपर्नेछ।

(ज) मन्त्रालयर सुपरीवेक्षण समितिको निर्णय र निर्देशनको पालना गर्नुपर्नेछ ।

(झ)स्याहार केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्य गर्नेछ ।

(ञ) शिशुहरुको बौद्धिक विकासमा सघाउ पुऱ्याउने किसिमको बाल शिक्षाको प्रबन्ध मिलाउनेछ ।

(ट) स्याहार केन्द्रको विकासका लागि आवश्यक राय सुझाव सुपरीवेक्षण समिति समक्ष पेश गर्नेछ ।

(ठ)स्याहार केन्द्रमा रहने शिशुहरु लगायत अन्य सम्बन्धित काम कारवाहीको अभिलेख दुरुस्त राख्ने वा व्यवस्था गर्नुपर्नेछ ।

१९. **<u>शिशुहरुका अभिभावकको कर्तव्यः</u>** स्याहार केन्द्रमा भर्ना भएका शिशुका अभिभावकहरुले देहायबमोजिमको कर्तब्य पालन गर्नुपर्नेछ ।

(क) भर्ना नगरी शिशुहरु केन्द्रमा नछोड्ने ।

(ख) भर्ना गरिएका शिशुलाई केन्द्रले तोकेको समयमा पुर्याउने र लिन आउने ।

(ग)शिशुलाई लिन आउँदा वा छोड्न जाँदा आँफै वा तोकिएको व्यक्तिमात्र पठाउने ।

(घ)केन्द्रमा रहेका बेला आफ्ना शिशु दुर्घटनामा परेमा वा बिरामी परेमा केन्द्रप्रति आक्रामक नभई संयमताका साथ शिशुको उपचारमा केन्द्रित हुने ।

(ङ)शिशुको कुनै असामान्य बानी, व्यहोरा वा नसर्ने खालका दीर्घ रोग वा विशेष आवश्यकता छ भने केन्द्रलाई सो को जानकारी भर्ना गर्ने समयमा नै गराउने ।

(च)भर्ना भएका शिशु अस्वस्थ भएका दिनमा केन्द्रमा नल्याउने र सो को सूचना केन्द्रलाई उपलब्ध गराउने ।

२०. **<u>प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>** स्याहार केन्द्रले आफ्नो सम्पूर्ण क्रियाकलापको प्रत्येक चौमासिकको प्रगति सो अवधि समाप्त भएको मितिले ७ दिन भित्र र वार्षिक प्रगति आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

२१. **<u>अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालय र सरोकारवाला निकायहरुले नियमित रुपमा केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

(२) शिशुहरुको हेरचाहको अवस्था, अभिलेख व्वस्थापन, कर्मचारीहरुको कार्यशैली जस्ता विषयहरूका आधारमा अनुगमन तथा सुपरीवेक्षण गरिनेछ।

(३) सुपरीवेक्षणका क्रममा देखिएका त्रुटी हटाउनका लागि सुपरिवेक्षकले सल्लाह, सुझाव, निर्देशन दिनसक्नेछ ।

(४) सुपरीवेक्षणमा देखिएका समस्या र समाधानका लागि दिईएको सल्लाह, सुझाव र निर्देशनको स्याहार केन्द्रले अभिलेख राख्नुपर्नेछ।

२२. **<u>स्याहार केन्द्रको बजेट व्यवस्थाः</u>** (१) दफा ४ बमोजिम स्याहार केन्द्रको स्थापना र सञ्चालनका लागि मन्त्रालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित बजेटबाट उपलब्ध गराउनेछ । यसका साथै प्रदेश

सरकारले नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा प्राप्त रकम समेत सो कार्यका लागि खर्च गर्न सक्नेछ ।

(२) यस कार्यबिधि बमोजिम छनौट भएको संस्था र मन्त्रालयबीच स्याहार केन्द्र सञ्चालन सम्बन्धी सम्झौता बमोजिम स्याहार केन्द्रमा भर्ना भएका शिशु संख्या र तिनको स्याहार केन्द्रमा भएको बसाइ अवधिका आधारमा मन्त्रालयले चौमासिक /वार्षिक रुपमा स्याहार केन्द्रलाई रकम उपलब्ध गराउनेछ।

(३)स्याहार केन्द्रमा भर्ना भएका शिशुहरुको कुनै पनि सेवा सुविधाबापत संस्थाले कुनै शुल्क लिन पाउनेछैन ।

(४) स्याहार केन्द्रले स्याहार केन्द्र सञ्चालनको नाममा कुनै व्यक्ति, संघ, संस्था वा अन्य कुनैपनि दाताबाट सहयोग वा अनुदान रकम लिनु परेमा मन्त्रालयको पूर्व स्वीकृती लिनु पर्नेछ।

**२३.** **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

**२४.** **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यविधिको मूल आशयमा प्रतिकूल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

**<u>संस्था छनौट सम्बन्धी मूल्याङ्कनको मापदण्डका आधारहरु</u>**

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

संस्थाको नाम:

संस्थाको ठेगाना:

१. संस्थाले बालबालिकाको क्षेत्रमा काम गरेको अनुभव १५

(क) १ वर्ष देखि ३ वर्ष सम्म ५

(ख) ३ वर्ष देखि ५ सम्म १०

(ग) ५ बर्ष भन्दा माथि १५

२. संस्थामा कार्यरत जनशक्ति १०

(क) ५ जना वा सो भन्दा कम५

(ख) ६ जना वा सो भन्दा बढि १०

३. मन्टेश्वरी सम्बन्धी तालिम प्राप्त गरेका वा शिशु स्याहार सम्बन्धी अनुभव लिएको जनशक्ति संख्या १०

(क) कम्तीमा १ जना ५

(ख) २ वा सो भन्दा बढी १०

४. पोषण सम्बन्धी तालिम वा अनुभव प्राप्त जनशक्ति छन वा छैनन ? छन भने कति जना ? ५

(क) भएमा ५

(ख) नभएमा ०

५. प्रदेशभित्र भौतिक पूर्वाधारको अवस्था १०

(क) मन्त्रालयबाट २५ कि.मी. भित्र आफ्नै स्वामित्वमा भवन भएको संस्था १०

(ख) मन्त्रालयबाट ४० कि.मी. भित्र आफ्नै स्वामित्वमा भवन भएको संस्था ८

(ग) मन्त्रालयबाट ४० कि.मी. भन्दा बाहिर रहेका आफ्नै स्वामित्वमा भवन भएको संस्था ६

(घ) मन्त्रालयबाट २५ कि.मी. भित्र कार्यालय भाडामा रहेको संस्था ४

(ङ) मन्त्रालयबाट २५ कि.मी. भन्दा बाहिर कार्यालय भाडामा रहेको संस्था २

**नोटः** कम्तीमा विगत ३ बर्षदेखि नियमित रुपमा वहाल कर तिरेको कागजात पेश गर्नै संस्थालाई प्राथमिकता दिइनेछ ।

अनुसूची-२

**<u>अनिवार्य बुझाउनुपर्ने कागजपत्र तथा दस्तावेजहरु</u>**

दफा ४ को उपदफा (६) सँग सम्बन्धित

१. बालबालिकाको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात,

२. संस्था दर्ता नवीकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी,

३. गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन र संस्थाको पछिल्लो साधारण सभाको उपस्थिति र निर्णय प्रतिलिपी,

४. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्साउने कागजात ।

५. कार्यरत जनशक्ति मध्ये तालिम प्राप्त जनशक्तिको विवरण खुल्ने कागजात

६. मन्त्रालयमा सूचीकृत भएको पत्रको प्रतिलिपि

अनुसूची-३

**<u>शिशु भर्नाका लागि दिइने निवेदनको ढाँचा</u>**

दफा ८ को उपदफा (२) सँग सम्बन्धित

श्री प्रमुखज्यू,

दिवा शिशु स्याहार केन्द्र,

..................... ।

**विषयः** स्याहार केन्द्रमा मेरो/हाम्रो शिशु भर्ना गरी पाउँ।

मेरो/हाम्रो निम्न व्यहोराको शिशुलाई दिवा स्याहारको लागि यस स्याहार केन्द्रमा भर्ना गर्नका लागि आवश्यक पर्ने कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मेरो/हाम्रो शिशु भर्ना गर्न त्यस स्याहार केन्द्रबाट तोकिने सबै शर्तहरु मान्न तयार छु/छौ ।

**शिशुको विवरणः**

१. शिशुको नाम, थरः

२. शिशुको जन्म मितिः

३. उमेरः

४. लिङ्ग

५. जन्म स्थानः

६. **आमाको नाम, थरः**

(क)पेशा ................................................................. दर्जा ................................................

(ख)ठेगाना (कार्यालय).................................................फोन(कार्यालय).............................................

(ग)ठेगाना (घर)........................................... कर्मचारी संकेत नं............................................

(घ)मोबाईल नम्बर ................................................ ईमेल.................................................

७. **बाबुको नाम थर.......................................................................................................**

(क) पेशा ................................................................. दर्जा ................................................

(ख) ठेगाना (कार्यालय).................................................फोन(कार्यालय).............................................

(ग) ठेगाना (घर)........................................... कर्मचारी संकेत नं............................................

(घ) मोबाईल नम्बर ................................................ ईमेल.................................................

८. **स्थानीय अभिभावकको:**

(क) नाम,थर ..................................................................... नाता .......................................................

(ख) ठेगाना.........................................................फोन नं (घर)..........................................................

(ग) मोबाईल नम्बर ................................................ ईमेल.................................................

**९. शिशुको दिदी / बहिनी / दाजु / भाई**

नाम............................................कक्षा....................................विद्यालय ...........................................

(क)..............................................................................

(ख)..............................................................................

**१०. शिशुको कमी / कमजोरी /व्यवहार**

(क) शारीरिक

(ख) व्यवहारिक

(ग) अरुको कुरा बुझ्ने क्षमता

**११. शिशुलाई मन नपर्ने कुराहरुः**

| | | | |
|---|---|---|---|
| (१) व्यक्ति | (क) | (ख) | (ग) |
| (२) खाना | (क) | (ख) | (ग) |
| (३) कार्य | (क) | (ख) | (ग) |
| (४) ठाउँ | (क) | (ख) | (ग) |
| (५) चिजविज | (क) | (ख) | (ग) |
| (६) अन्य | (क) | (ख) | (ग) |

**१२. शिशुको विषेश बानी व्यवहार**

(क) घरमा

(ख) आगन्तुकसंग

**१३. विशेष केही कुरा भएमा (स्वास्थ्य सम्बन्धी समस्या)**

(क) ..................................................................................

(ख) ..................................................................................

(ग) ....................................................................................

**१४. आपत्कालीन अवस्थामा सम्पर्क**

(क) डाक्टरको नाम ............................................... अस्पतालको नाम........................................................

(ख) अस्पतालको सम्पर्क नम्बर .....................................................

**१५. आपत्कालीन अवस्थामा सम्पर्क गर्नुपर्ने बैकल्पिक व्यक्तिः**

(क) नाम, थर............................................. नाता ..............................................

(ख) सम्पर्क नम्बर ...................................... ईमेल ..............................................

**१६. शिशुको निरोगिताको प्रमाण पत्र पेश गरेको छु ।**

**१७. भर्नाका लागि प्राथमिकताः**

(क) एकल महिला र एकल पुरुष कर्मचारीका शिशु

(ख) अपाङ्गता भएका कर्मचारीका शिशु

(ग) पति/ पत्नी दुवै कर्मचारी भै निजका शिशु

(घ) महिला कर्मचारीका शिशु

**१८. केन्द्रमा भर्ना हुनका लागि शिशुको योग्यता तथा पेश गर्नुपर्ने कागजातः**

(क) आफु कार्यरत कार्यालयबाट आफु कार्यरत रहेको सिफारिस पत्र ।

(ख) बच्चा र अभिभावक बिचको नाता प्रमाणित प्रमाण पत्र, जन्म दर्ता प्रमाण पत्र ।

(ग) शिशुको उमेर ३ महिना पुगेको र ३ वर्ष ननाघेको ।

(घ) निरोगीताको प्रमाण पत्र वा कुनै औषधिहरुको नकरात्मक असर भएको वा हुन अवस्था छ भने जानकारीको पत्र ।

(ङ) सम्बन्धीत कर्मचारीको पति वा पत्नी कुनै संगठित संस्थामा काम भएमा सो को प्रमाण पत्र ।

**१९. शिशु भर्नाका लागि अभिभावकले पालना गर्नुपर्ने शर्तहरुः**

(क) शिशु उपर कुनै पनि प्रकारको अप्राकृतिक एवं अन्य घटना घट्न गएमा केन्द्र जिम्मेवारी हुनेछैन र कुनै प्रकारको क्षतिपुर्ति माग गर्न पाईनेछैन ।

(ख) शिशुलाई ल्याउदा लैजादा अभिभावक बाहेक अन्य नातेदार आउने भएमा आई डि कार्ड देखाएर मात्र आउन पाउने छ ।

(ग)शिशुको लागि सफा लुगा र डाईपर तथा फेर्ने लुगा अनिवार्य ल्याउनु पर्नेछ ।

(घ)भर्ना भएका शिशुहरु बिरामी भएमा त्यस्ता बिमारी शिशु पूर्ण स्वास्थ्य नभईकन केन्द्रमा ल्याउदा केन्द्रलाई जानकारी बिना ल्याउन पाईनेछैन ।

(ङ)केन्द्रमा अभिभावकको आवश्यक पर्दा केन्द्रले सम्पर्क गरेको बेला तुरुन्तै उपस्थित हुनुपर्नेछ ।

(च)केन्द्रमा उपलब्ध गराईएको सम्पर्क नम्बर गलत भएमा र अन्य कुनै कारणले उपस्थित हुन नसकेमा अभिभावक आफैं जिम्मेवार हुनुपर्नेछ ।

(छ) शिशुलाई केन्द्र खुल्ने तोकिएको समयमा ल्याउने लैजाने व्यवस्था मिलाउनुपर्नेछ ।

(ज)सार्वजनिक विदाका दिनमा स्याहार केन्द्र बन्द रहनेछ ।

(माथि उल्लेखित शर्तहरु कार्यान्वयन गर्न मन्जुर छु/ छौं ।)

निवेदक ..............................................

नाम, थर ..............................................

ठेगाना .............................................. कार्यालय..............................................